## डोरमणि पौडेल नेतृत्वको

# बागमती प्रदेश सरकारका उपलब्धिहरु

देशका सात प्रदेशमध्ये हरेक सूचकमा सबैभन्दा माथि रहेको प्रदेश हो- वाग्मती। सङ्घीय राजधानीसमेत रहेको यस प्रदेशका १३ जिल्लाका अलगअलग पहिचानहरू छन्। २०६८ सालको जनगणनाअनुसार वाग्मती प्रदेशमा देशको कुल जनसङ्ख्याको २० दशमलव ८७ प्रतिशत अर्थात् ५५ लाख २९ हजार ४ सय ५२ जना बसोबास गर्छन्। यस प्रदेशमा तीन महानगरपालिका, एक उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका गरी १ सय १९ स्थानीय तह छन्।

लामो सङ्घर्ष र बलिदानको जगमा ऐतिहासिक संविधानसभाबाट नयाँ संविधान जारी भएसँगै संविधानको कार्यान्वयन र नेपाली जनताको 'समृद्ध नेपाल : सुखी नेपाली'को आकाङ्क्षालाई साकार बनाउने 'म्यान्डेट' सहित २०७४ माघ २९ गते देशकै पहिलो प्रदेश सरकारका रूपमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबैभन्दा ठूलो दल नेकपा (एमाले) को संसदीय दलको नेताका हैसियतले डोरमणि पौडेलको नेतृत्वमा प्रदेश सरकार गठन भएको थियो। सरकार गठन भएको झन्डै दुई वर्षपछि २०७६ पुस २७ मा प्रदेश सभामार्फत साबिकको अस्थायी राजधानी हेटौँडालाई नै स्थायी राजधानी र साबिकको प्रदेश ३ लाई वाग्मती प्रदेशका रूपमा नामकरण गरी महत्त्वपूर्ण एवम् ऐतिहासिक जिम्मेवारी पूरा गरिएको थियो।

'समृद्ध नेपाल : सुखी नेपाली'को राष्ट्रिय सङ्कल्पलाई पूरा गर्ने अठोटका साथ समानुपातिक तथा सन्तुलित विकासको अवधारणालाई आत्मसात् गर्दै अगाडि बढ्न, प्रदेशको समग्र पक्षको अध्ययन विश्लेषण गरी विकासको आधारपत्र तयार गरी त्यसैका आधारमा आवधिक योजना तयार गरेर कामको सुरुआत गरिएको थियो।

साढे तीन वर्षको अवधिमा प्रदेशले सरकार सञ्चालन गर्न आवश्यक ५८ ऐन, १९ नियमावली, १६ कार्यविधि, तीन निर्देशिका आठ आदेशलगायत कुल १ सय १२ वटा कानुन तर्जुमा गरेको छ। प्रदेश विश्वविद्यालय सञ्चालन विधेयक प्रदेशसभामा छलफलमा रहेको छ।

एकातिर प्रदेश सरकार गठनपछि विकासमा फड्को मार्ने, रोजगारीका अवसरहरू सिर्जना हुने तथा सरकारसँग नागरिकको प्रत्यक्ष पहुँच हुनेलगायत जनताका अपेक्षा, अर्कातिर राजनीतिक, प्रशासनिक, ऐन कानुन एवम् स्रोत र साधनको सीमितता, पार्टीभित्रको आन्तरिक समस्यासँग जुध्दै अगाडि बढेको प्रदेश सरकार स्थापनापछिको साढे तीन वर्ष सरकारका लागि पक्कै पनि सहज हुन सकेन । उक्त अवधिलाई केलाउँदा प्रदेश सरकारले चुनौतीहरूलाई चिर्दै धेरै महत्त्वपूर्ण काम गर्न सफल भएको छ। सरकारले यो अवधिमा गरेका कार्यहरूलाई हेर्दा सङ्घीयताको जगलाई मजबुत बनाउन सकेको छ । र, यसको मर्म र भावनालाई पूर्ण रूपमा आत्मसात् गरेको छ ।

'सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश' भन्ने दीर्घकालीन सोचसहित अगाडि बढेको सरकारले प्रदेशमा देखिएको कर्मचारी समास्या समाधान गर्न तथा शैक्षिक जनशक्तिलाई रोजगार बनाई बेरोजगारी समस्यालाई थोरै भए पनि समाधान गर्न प्रदेश लोक सेवा आयोगको गठन गरी आवश्यक कर्मचारी भर्ना सुरु गरिसकेको छ। त्यस्तै सञ्चार जगत्लाई व्यवस्थित गर्न सञ्चार रजिस्ट्रारको कार्यालयको स्थापना, युवाहरूको सर्वाङ्गीण विकासमा ठोस र प्रभावकारी भूमिका निर्वाह गर्न युवा परिषद्को गठन, खेलकुद क्षेत्रलाई सशक्त बनाउन प्रदेश खेलकुद विकास परिषद्को गठन, प्रदेशका दूध उत्पादक किसानका हितका लागि प्रदेश दुग्ध विकास बोर्डको गठन, प्रदेशभरि छरिएर रहेका विभिन्न सहकारीको उचित व्यवस्थापन गर्दै छरिएर रहेका पुँजीको समुचित प्रयोगका लागि प्रदेश सहकारी विकास बोर्डको स्थापना गरिएको छ ।

प्रदेशलाई भ्रष्टाचारमुक्त, सुशासनयुक्त, पारदर्शी र मितव्ययी बनाउन निम्नानुसार गरिएको छ :

- प्रदेश सुशासन केन्द्रको स्थापना गरी ६ हजारभन्दा बढी जनशक्तिलाई तालिम तथा प्रशिक्षण प्रदान गरिएको ।
- लामो समयदेखि सेवाग्राहीहरूले सवारीसाधनको राजस्व बुझाउन बेहोर्नुपरेको झन्झटको अन्त्य गर्दै विद्युतीय माध्यमबाट राजस्व बुझ्ने/बुझाउने व्यवस्था गरी यो क्षेत्रमा क्रान्तिकारी फड्को मारिएको ।
- भ्रष्टाचार हुन नदिन अधिकतम प्रयत्नहरू गरिनुका साथै भ्रष्टाचारमा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याइएको ।
- अत्यावश्यकबाहेकका सवारीसाधनको खरिदमा रोक लगाइएको छ ।
- मुख्यमन्त्री स्वयम्ले चढ्ने गाडी नयाँ खरिद नगरी सिंहदरबारभित्र थन्क्याइएका गाडी मर्मत गरी चलाइएको ।

- तालिम, सेमिनार, गोष्ठी आदिमा हुने करोडौँ खर्च पूर्ण नियन्त्रण गरी अत्यावश्यक कार्यक्रम मात्र गर्ने गरिएको ।
- सम्भव भएसम्म सबै प्रकारका कार्यक्रमहरू सरकारी हल तथा भवनहरूमा नै गर्ने गरिएको आदि ।

सरकारको योग्यता (पर्फर्मेन्स) को मापन मूलतः स्रोतको परिचालन र खर्च गर्ने क्षमतामा आधारित हुने हुँदा गत वर्षको अनुमानित आयभन्दा १२० प्रतिशत आयमा वृद्धि गरी ऐतिहासिक रेकर्ड तोडिएको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालय ८० प्रतिशतभन्दा बढी खर्च गर्न सफल भएको छ ।

सरकार गठन भएको छोटो समयमै विश्वलाई नै हायलकायल बनाएको कोरोना महामारीका कारण प्रदेश पनि नराम्ररी प्रभावित बन्न पुग्यो । महामारीका कारण लागू बन्दाबन्दीबीच विकास निर्माणसँगै महामारीसँग जुध्न सरकारले विभिन्न योजनाहरू बनाएर कार्यान्वयन गऱ्यो । परीक्षण, उपचार, राहत वितरण तथा उद्धारसँगै क्वारेन्टिन एवम् आइसोलेसन निर्माण गर्न प्रदेश सरकारले उच्चस्तरीय कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समिति निर्माण गरेर द्रुतगतिमा प्रभावकारी काम गऱ्यो । उपत्यकाबाहिर कतै पनि कोरोना परीक्षण नहुने तत्कालीन विषम परिस्थितिमा प्रदेश सरकारले प्रदेश राजधानी हेटौँडामा नै पीसीआर ल्याब व्यवस्थापन गरेर कोरोना परीक्षणको सुरुआत गऱ्यो । प्रदेश मातहतका र केन्द्र एवम् स्थानीय मातहतका स्वास्थ्य संस्थाहरूलाई आवश्यक उपकरण, जनशक्ति आदिका लागि आवश्यक सम्पूर्ण कुरा व्यवस्थापन गऱ्यो । कोभिडको महामारीको दोस्रो लहरमा अक्सिजन अभाव झेल्नुपरे पनि सरकारले तत्काल गर्न सक्ने सबै उपाय अपनाएर अक्सिजनको व्यवस्था गऱ्यो भने तत्काल र भविष्यसमेतलाई हुनेगरी सबै अस्पतालमा अक्सिजन प्लान्ट, पीसीआर मेसिनलगायत उपकरणहरू जडान गऱ्यो। त्यस्तै आइसीयु, एचडियुलगायत उपकरणले प्रदेशका अस्पतालहरूलाई सुव्यवस्थित गरियो ।

हाम्रो सरकारले झन्डै २ हजार किलोमिटर सडक निर्माण गरेको छ। हेटौँडा-काठमाडौँ मदन भण्डारी मार्गअन्तर्गत भीमफेदीदेखि कुलेखानीसम्म ३.२ किलोमिटरको सुरुङमार्ग निर्माणका लागि बोलपत्र आह्वानको सम्पूर्ण तयारी सकिएको छ। सरकारले एसियाकै पहिलो मानिएको प्रदेश दुई र बाग्मती प्रदेशलाई जोड्ने १ सय ५ वर्ष पुरानो ५ सय मिटर लम्बाइको चुरियामाई सुरुङको पुनर्निर्माणको काम सुरु गरी हाल तीव्र गतिमा काम भइरहेको छ । यसले पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।

प्रदेशमा सयवटा सडक पुलहरूको निर्माण थालिएकोमा ६० वटा पुलको उद्‌घाटन सकिसकेको छ भने अन्य पुलहरू अन्तिम अवस्थामा पुगेका छन्। त्यस्तै, उपत्यकाबाहेक प्रदेशका १० वटा जिल्ला समेटेर पुष्पलाल प्रदेश चक्रपथको निर्माणको थालनी गरेको छ भने काठमाडौँ उपत्यकामा काँठ चक्रपथको ६ वटा खण्डमा काम भइरहेको छ।

२०८५ सालभित्र प्रदेशबाट पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनहरूलाई विद्युतीय साधनले विस्थापित गराउने पहिलो नीति तथा कार्यक्रमअनुसार विद्युतीय सवारी सञ्चालनको काम अन्तिम चरणमा प्रवेश गरेको छ। त्यस्तै विद्युतीय बस सञ्चालनका लागि आवश्यक सम्पूर्ण पूर्वाधारको तयारी पूरा भएको छ।

प्रदेश सरकारले हालसम्म करिब २ हजार किलोमिटर कच्ची सडक, ५ सय किलोमिटर ग्राभेल खण्डस्मिथ सडक, साढे ४ सय किलोमिटर कालोपत्रे सडक, १०० किलोमिटर ढलान सडक निर्माण गरेको छ। १५ सय किलोमिटर सडक र ५२ वटा सडक पुलको सर्भे सम्पन गरेको छ।

मुख्य राजमार्ग तथा मुख्य कालोपत्रे सडकदेखि जिल्ला सदरमुकाम तथा स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्दै आगामी चार वर्षभित्र कालोपत्रे गरिसक्ने नीतिलाई सघाउ पुग्ने गरी १८ वटा स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक लोकमार्गहरूको १९३ किलोमिटर अन्य महत्त्वपूर्ण प्रादेशिक लोकमार्ग र आर्थिक केन्द्र जोड्ने सडक आयोजनाहरूको २ सय किलोमिटर गरी जम्मा करिब ४ सय किलोमिटर सडकको स्तरोन्नति गरेको छ।

त्यस्तै शुद्ध खानेपानी जनताको अधिकार भएकाले प्रदेश सरकारले शुद्ध पानी पिउने व्यवस्थाका लागि 'एक घर एक धारा' कार्यक्रम अघि सारेर पानीको व्यवस्था गरेको छ। दुषित पानीका कारण लाग्ने विभिन्न सरुवा रोग न्यूनीकरण गर्न तथा खानेपानी घरघरमा पुऱ्याउन योजना अगाडि सारिएको थियो। 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत पछिल्लो वर्ष मात्रै १ लाखभन्दा बढी जनसङ्ख्या प्रत्यक्ष रूपमा लाभान्वित भएको छ।

सरकारले जनता आवास कार्यक्रममार्फत १५ सयभन्दा बढी घर निर्माण गरेर गरिब तथा विपन्न समुदायलाई वितरण गरेको छ। त्यस्तै सिन्धुलीको दुधौलीका मुसहर, रामेछापका माझी, चितवनको माडीका गन्धर्व, मकवानपुरका बोटे, दोलखा, धादिङलगायत जिल्लाका विभिन्न सीमान्तकृत समुदायको एकीकृत बस्ती निर्माण गरी वितरण गरेको छ। मानव विकासको सूचकाङ्कमा निकै पछाडि परेको धादिङको रुबीभ्याली र रसुवाको गोसाइँकुण्डमा

एकीकृत विकास परियोजना लागु गरी काम सुरुआत गरेको छ। हालसम्म सडक सञ्जालले नजोडेको रुबीभ्याली र काभ्रेको खानीखोला गाउँपालिकालाई सडक सञ्जालले जोड्ने एतिहासिक काम गरिएको छ।

सुरक्षा निकायलाई सबल र सक्षम बनाउन प्रदेशका विभिन्न स्थानमा ४६ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न गरेको छ। त्यसबाहेक अन्य २१ वटा भवन निर्माण प्रक्रिया थालेको छ भने प्रहरीका लागि यातायातका साधनहरू उपलब्ध गराएको छ। त्यस्तै खरको छानामुक्त प्रदेश बनाउने अभियानअन्तर्गत मानव विकास सूचकाङ्कमा तल परेकालाई प्राथमिकतामा राखी कार्यक्रम अगाडि बढाइएको छ। प्रदेशले स्थानीय तहको सहकार्यमा २४ वटा स्थानीय तहमा न्यायिक इजलास निर्माण गरेको छ।

त्यस्तै प्रदेशका १ हजार ५ सय ७५ परिवार द्वन्द्व पीडित तथा विस्थापितलाई ३ करोड ९३ लाख ७० हजार रुपैयाँ सहायता उपलब्ध गराइएको छ। 'प्रदेश सरकारको पहिचान, निःशुल्क कानुनी जनसहायता अभियान' भन्ने नाराका साथ सरकारमा कमजोर पहुँच भएका स्थानीय तहहरूमा कानुनी सहायता कार्यक्रम सञ्चालन गरिएको छ।

सरकारले 'एक स्थानीय तह, एक उद्योग ग्राम' कार्यक्रमअन्तर्गत पाँच स्थानमा औद्योगिक क्षेत्र निर्माणको काम थालनी गरेको छ। त्यस्तै अन्य एक दर्जन विभिन्न स्थानको वातावरणीय अध्ययन सम्पन्न गरेर प्रक्रिया अगाडि बढाएको छ। सोही योजनाअन्तर्गत सिन्धुलीको हरिहरपुरगढीमा ३ हजार ६ सय रोपनी क्षेत्रफलको प्रदेश औद्योगिक क्षेत्रको निर्माण गर्न प्रारम्भिक कार्य थालनी भएको छ।

'उद्यमीको हात, प्रदेश सरकारको साथ' भन्ने नाराका साथ बेरोजगार युवा तथा विदेशबाट फर्किएका जनशक्तिलाई लक्षित गरी उत्पादन वृद्धिका लागि रोजगारी सिर्जना र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको छ।

सरकारले यो अवधिमा ४५ वटा महत्त्वपूर्ण पदमार्ग निर्माण गरेको छ। एक जिल्ला एक नमुना पर्यटन गन्तव्य कार्यक्रमअन्तर्गत विभिन्न स्थानलाई पर्यटन गन्तव्य घोषणा गरिएको छ। जसअन्तर्गत सिन्धुपाल्चोकको मुडे, मकवानपुरको चित्लाङ, इन्द्रसरोबर, ककनी नुवाकोट, जिरी दोलखा, शिवालय रामेछाप, रुबीभ्याली धादिङ, सोम्दाङ रसुवा, कालेश्वर ललितपुर, सुराइचुली चितवन, सिन्धुलीगढी सिन्धुलीलाई घोषणा गरिएको छ।

नगरको जस्ता पर्यटकीय क्षेत्रसहित प्रदेशका १ हजार २ सय १० रोपनी वन क्षेत्र अतिक्रमणबाट मुक्त गरिएको छ। चुरे क्षेत्र तथा संवेदनशील क्षेत्रमा रहेका खोला खहरेहरूमा बृहत् बाँस रोपण तथा बायोइन्जिनियरिङ प्रविधिद्वारा संरक्षण कार्यक्रमअन्तर्गत ८ सय ६३ वटा खहरे तथा पहिरो नियन्त्रण गरी ५६ किलोमिटर संरचना निर्माण गरिएको छ ।

६ वटा हिल स्टेसन र १० वटा नमुना पर्यटन गन्तव्यसहित २ सय ८६ वटा पर्यटन पूर्वाधार निर्माण गरिएको छ। प्रदेशमा भएका भिविन्न ऐतिहासिक गढी तथा किल्लाहरू जस्तै मकवानपुरगढी, सिन्धुलीगढी, हरिहरपुरगढी, रसुवागढी आदिको संरक्षण तथा जीर्णोद्धार गरिएको छ। साथै प्रदेशका उच्च पहाडी तथा हिमाली भेग समेटेर हिल स्टेसन निर्माण गरिएको छ ।

स्थापनाकालदेखि नै वाग्मती प्रदेश सरकारले कृषि उत्पादन बढाउँदै अर्थतन्त्रमा सुधार गर्न किसानहरूलाई प्रविधिमा आधारित खेतीसँगै सामूहिक खेतीतर्फ प्रोत्साहित गरिरहेको छ। प्रदेश सरकारले अघि सारेको चक्लाबन्दी कृषि कार्यक्रमअन्तर्गत सिन्धुलीको दुधौली नगरपालिका, चितवनको माडी नगरपालिका, सिन्धुपाल्चोकको मेलम्ची र इन्द्रावती गाउँपालिका त्यस्तै नुवाकोटको लिखु र पञ्चकन्या गाउँपालिका, दोलखाको गौरीशङ्कर गाउँपालिकामा गरी ७ सय ८९ कृषक घरधुरीले १ हजार ७ सय ४४ बिघा जग्गामा सामूहिक चक्लाबन्दी गरी आधुनिक एवम् यान्त्रिकीकरणको माध्ययमबाट अन्नबाली, तरकारीबाली, माछापालन, फलफूल खेती गर्दै आइरहेका छन्। जसबाट उत्पादकत्व वृद्धि हुनुका साथै लागत रकमसमेत कम परेको छ ।

दुग्ध उत्पादक सहकारीमार्फत कृषककै खातामा जानेगरी दुध उत्पादन गर्ने किसानलाई प्रतिलिटर रु. २ का दरले अनुदान वितरण कार्यक्रम लागु गरिएको छ। जसअन्तर्गत हालसम्म प्रदेशका विभिन्न प्रत्येक जिल्लामा कम्तीमा एउटा एकीकृत कृषि पर्यटन कार्यक्रमअनुरूप प्रदेशका विभिन्न जिल्लामा कृषि पर्यटन प्रवर्द्धनका लागि कालिज फार्म, स्थानीय कुखुरा फार्म, टर्की फार्म, कडकनाथ र ऊँटेभेडा (अल्पका) फार्म स्थापना भई सञ्चालनमा आएका छन् ।

कृषि उत्पादनलाई उत्पादन स्थलदेखि बजारसम्म पुऱ्याउन पहुँच स्थापित गर्नेगरी कृषि सडक निर्माण गर्ने नीतिअनुरूप प्रदेशको १ सय ६७ स्थानमा करिब ५ सय ७२ किलोमिटर साना कृषि सडकको निर्माण तथा मर्मत भई कृषि उपजको बजारीकरणमा सहयोग पुगेको छ। प्रदेशभरमा ३७ वटा चिलिङ सेन्टर स्थापना भएको छ। यसबाट दैनिक ७२ हजार

लिटर दुध चिस्यान भई दुधको गुणस्तरमा वृद्धि भएको तथा उपभोक्तासमक्ष स्वस्थकर दुध उपलब्ध भएको छ ।

कृषिमा आत्मनिर्भर हुन तथा निर्यात योग्य कृषि उपजहरूको उत्पादकत्व वृद्धि गर्न कृषि फार्म स्थापना र सञ्चालन गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने नीतिअनुरूप रेन्बो ट्राउटको रेसवे निर्माण, ह्याचरी, दाना उद्योग र स्टोर घर सञ्चालन भएको छ ।

प्रदेश राजधानी हेटौँडामा बृहत् कृषि थोक बजार निर्माण कार्य धमाधम भइरहेको छ । किसानले उत्पादन गरेको दुधलाई बजारको सुनिश्चतताका लागि हेटौँडामा पाउडर प्लन्टको स्थापना भइरहेको छ । किसानले उत्पादन गरेका उपजहरूलाई सुरक्षित भण्डारण गरी उचित समयमा बिक्री-वितरण एवम् उपभोग गर्न सहज होस भन्ने उद्देश्यले प्रदेशका विभिन्न कृषि क्षेत्रमा १५ वटा ठूला शीत भण्डार निर्माण गरिएको छ ।

प्रदेशमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापित भई सञ्चालनमा आएको छ । यसले प्रदेशको स्वास्थ्य क्षेत्रलाई आवश्यक पर्ने दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीहरू उत्पादन गर्न तथा प्रदेशमा सञ्चालन भएका अस्पतालहरूलाई व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

नसर्ने तर प्राणघातक एवम् दीर्घरोगका कारण प्रदेशका कैयौँ नागरिकहरूले ज्यान गुमाउनुपरेको तथा रोगले थलिएर बस्नुपरेको अवस्थालाई मनन गर्दै सरकारले ज्येष्ठ नागरिकहरू तथा दलित एवम् पछि परेका समुदायको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने मुख्यमन्त्री जनता स्वस्थ्य परीक्षण कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिरहेको छ । सहिद गङ्गालाल अस्पतालसँगको सहकार्यमा वाग्मती प्रदेशका सरकारी अस्पतालहरूमा हृदयाघात भएर आएका बिरामीहरूको उपचारमा सहजीकरणको सुरुवात गरिएको छ । यो सेवा अब वाग्मती प्रदेशबाट निःशुल्क रूपमा प्राप्त हुँदैछ । यो वाग्मती प्रदेशको एक ऐतिहासिक कदम हो, जसले हृदयाघातबाट आफ्ना जनतालाई बचाउँछ। त्यसबाहेक क्यान्सर तथा मिर्गौलालगायत बिरामीलाई केन्द्र सरकारले उपलब्ध गराउने उपचार खर्च रकममा थप ५० हजार सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ। अस्पताल सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

एक विद्यालय एक नर्स कार्यक्रमअनुरूप प्रदेशभित्रका १ सय १९ वटै स्थानीय तहका कम्तीमा एक सरकारी माध्यमिक विद्यालयमा हुने गरी जम्मा ३ सय ५९ विद्यालयमा नर्स कार्यरत छन् । सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमअन्तर्गत ३३ सामुदायिक विद्यालयहरूमा विषयगत प्रयोगशाला स्थापना, ७० सामुदायिक विद्यालयमा ई-लाइब्रेरी तथा स्माट बोर्डसहितको आईसिटी ल्याब स्थापना भइसकेको छ भने विभिन्न सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र ५० वटा विद्यालयमा आईसीटी ल्याबको स्थापनाको कार्यक्रम सञ्चालन भइरहेको छ ।

विद्यार्थी सङ्ख्या कम भई गाभिएका तथा विद्यार्थीको घरभन्दा टाढा भएका सामुदायिक विद्यालयहरूलाई स्कुल बस उपलब्ध गराइएको छ । साथै, सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दीको अभावलाई सहायता प्रदान गर्न शिक्षण सिकाइ अनुदान र शिक्षकको पेसागागत विकास कार्यक्रमअन्तर्गत शून्य दरबन्दी भएका करिब ३ सय सामुदायिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयमध्ये कुनै एक विषयमा शिक्षक दरबन्दी अनुदान उपलब्ध गराइएको छ ।

बाबुआमा दुवै नभएका बालबालिकाको संरक्षण गर्न स्थानीय तहमार्फत सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत मासिक २ हजार उपलब्ध गराउने व्यवस्था गरिएको छ । प्रदेश सरकारअन्तर्गतको १३ मध्ये आठवटा अस्पतालहरूको क्षमता विस्तार गरी आईसीयु तथा एचडीयु कक्षको व्यवस्था गरिएको छ ।

स्थानीय तहमा रहेका अस्पताल र स्वास्थ्य संस्था भवन निर्माण गरिएका छन् । प्रदेशभित्रका अस्पतालहरूको स्तर सुधार कार्यक्रमअनुरूप १३ जिल्लाका स्थानीय तहमा रहेका १७ अस्पताल र स्वास्थ्य चौकीको भवन निर्माण भइरहेको छ । त्यस्तै, करारमा चिकित्सक नियुक्त गरी स्वास्थ्य क्षेत्रमा तत्काल सुविधा बढाइएको छ भने दीर्घकालीन रूपमा अस्पताललाई सुविधासम्पन्न बनाउन कार्यक्रम लागू गरिएको छ ।

विगतमा ५० बेडको मात्रै रहेको हेटौँडा अस्पताललाई क्षमता वृद्धि गरी ५ सय बेड पुऱ्याउने लक्ष्य राखिएको छ भने हाल ३ सय बेड सञ्चालनमा ल्याइएको छ । त्यसैगरी प्रदेशका अन्य अस्पतालहरूको शैयामा व्यापक वृद्धिगरी सोहीअनुसार जनशक्ति व्यवस्थापन गरिएको छ । उच्च शिक्षामा शैक्षिक गुणस्तर सुनिश्चितताका लागि सामुदायिक क्याम्पसहरूको भौतिक तथा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमअन्तर्गत ८० वटा सामुदायिक क्याम्पसहरूको भौतिक सुदृढीकरण गरिएको छ । ४० सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम सम्पन्न भएको छ ।

'वाग्मती प्रदेशको इच्छा, छोरी-बुहारीलाई उच्च शिक्षा' अन्तर्गत ३ सय ९८ छोरी बुहारीलाई छात्रवृत्ति प्रदान गरेको छ। चालु आर्थिक वर्षमा पनि ५ सयजनालाई उपलब्ध गराइने कार्यक्रम रहेको छ। प्रत्येक जिल्लामा एक रङ्गशाला, प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रमा कभर्ड हल र स्थानीय तहमा खेल मैदानको निर्माण गरिएको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताको प्रवर्द्धन गर्न मकवानपुरको गौरीटारमा अन्तर्राष्ट्रियस्तरको रङ्शाला निर्माणाधीन छ।

त्यसबाहेक प्रदेश सरकारले एक स्थानीय तह एक प्राविधिक विश्वविद्यालय, स्थानीय तहलाई एम्बुलेन्स र बारुणयन्त्र वितरण कार्यक्रम, एक पालिका एक खेल मैदान निर्माण कार्यक्रम लागू गरेको छ। सरकार स्थापनाको सुरुको वर्षमा किसानलाई वितरण गरिएको अनुदान रकमको उचित प्रयोग हुन नसकेको टिप्पणी उठेको हुँदा विगत वर्षदेखि नै अनुदान प्रणालीकै अन्त्य गरी कमजोर आर्थिक अवस्था भएका आदिवासी, जनजाति, सीमान्तकृत समुदायका लागि लक्षित गरी कृषि तथा साना व्यवसाय गर्न बढीमा ३ प्रतिशत ब्याजदरमा रु. १ लाखदेखि १० लाखसम्म बैङ्कमार्फत ऋण उपलब्ध गराउने व्यवस्थाका गरिएको छ।

यसरी प्रदेशको समग्र विकासका लागि सुरुङमार्ग, विद्युतीय बस सञ्चालन, पुष्पलाल प्रदेश चक्रपथजस्ता महत्त्वकाङ्क्षी योजनादेखि किसानका घरआँगनमा पुग्ने साना योजनाहरू सञ्चालन गरी दिगो विकासको योजना अगाडि बढाउँदै, कृषि उत्पादनको वृद्धि गरी प्रदेशलाई आत्मनिर्भर बनाउन तथा आयातलाई न्यूनीकरण गरी प्रदेशलाई सक्षम र सबल बनाउन प्रशस्त आधारहरू तयार गर्दागर्दै देशको राजनीतिक अवस्थाका कारण पूर्ण कार्यकाल सरकार सञ्चालन गर्न नपाई बीचमै सत्ता हस्तान्तरण गर्नुपरेको सर्वविदितै छ।